**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**विदेशी विनिमय व्यवस्थापन विभाग**

*इ.प्रा.परिपत्र संख्याः- ४३६* *मिति :-* २०६३/१२/११

**इजाजतपत्रप्राप्त सबै मनिचेञ्जरहरू ।**

विषय :- **मनिचेञ्जर सम्बन्धी व्यवस्था ।**

महाशय,

यस बैंकबाट इजाजतप्राप्त मनिचेञ्जरहरूले परिवर्त्य विदेशी मुद्रा खरिद गर्दा निम्न वमोजिमको व्यवस्थाको अधीनमा रही कारोवार गर्नुपर्ने हुँदा विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ (संशोधन सहित) को दफा-१२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. यस बैंकले जारी गरेको मनिचेञ्जर निर्देशिकामा उल्लेखित मनिचेञ्जर सम्बन्धी शर्तहरूको दफा ४ अनुरुप "बैंकहरूले निर्धारण गर्ने औसत खरिद दर" भन्नाले बैंकहरु स्वयंले निर्धारण गरेको खरिद दरलाई नै बैंकहरूको औषत खरीद दर सम्झनु पर्ने तथा विनिमय दर निर्धारण नहुने स्थानहरूमा नेपाल राष्ट्र बैंकले दैनिक रुपले गोरखापत्र/राइजिङ्ग नेपालमा प्रकाशन गर्ने र रेडीयोमा प्रसारण हुने विनिमय दरलाई जनाउँछ । नगद परिवर्त्य विदेशी मुद्राको औसत खरिद दरको हकमा नेपाल राष्ट्र बैंकले प्रकाशन र प्रसारण गर्ने विनिमय दरमा यसवारे छुट्टै उल्लेख नहुने हुँदा सम्बन्धित मुद्राको खरीद दरभन्दा बढीमा १ प्रतिशत कम हुनेगरी औसत खरिद दर हिसाव गर्नुपर्नेछ ।

२. मनिचेञ्जरहरूले परिवर्त्य विदेशी मुद्राको आ-आफ्नो खरिद दर निर्धारण गर्दा माथि दफा १ मा उल्लेख भएको प्रक्रिया अनुरुप निर्धारण भएको औसत खरिद दरभन्दा बढीमा १ प्रतिशत कम हुनेगरी निर्धारण गर्नुपर्नेछ ।

३. मनिचेन्जरहरूले खरीद गरेको परिवर्त्य विदेशी मुद्रा (नगद एवं यात्रु चेक) नेपाल राष्ट्र बैंकमा बुझाउन ल्याउँदा अन्य इजाजतप्राप्त होटल एवं ट्राभल, ट्रेकिङ्ग, ऱ्याफ्टिङ्ग आदि एजेन्सीहरूले बुझाए सरह नै १ प्रतिशत कमिसन वा सेवा शुल्क बुझाउनुपर्नेछ ।

४. मनिचेञ्जरहरूले पर्यटकहरूसँग नगद विदेशी मुद्रा खरीद गर्दा बैंकहरूले निर्धारण गर्ने औषत खरीद दरभन्दा बढीमा २ प्रतिशतसम्म कम हुनेगरी खरीद दर निर्धारण गर्नसक्ने भएकोले कमिसन वा सेवा शुल्क भनी छुट्टै रकम लिन मिल्ने छैन ।

भवदीय,

(रामजी रेग्मी)
का.मु.कार्यकारी निर्देशक